नेपाली भाषा

# जापानमा बसोबास पत्र (ज्युमिनह्यो) लिनुभएका समस्त विदेशी महानुभाव

सन् २०१५ साल अक्टोबर देखि, १२ अङ्कको माईनम्बर (सामाजिक सुरक्षा तथा कर नम्बर) सूचित गरिनेछ।

## १. माईनम्बर भन्नाले

माईनम्बर प्रणाली भन्नाले, विभिन्न निकायमा रहेको व्यक्तिगत जानकारीलाई सोही एकै व्यक्तिको जानकारी हो भनि निश्चय गर्नको लागि आधार भइ, सामाजिक सुरक्षा तथा कर प्रणालीको प्रभावकारिता तथा पारदर्शिता उच्च बनाइ, देशवासीको निमित्त अत्यन्त सहज रूपमा निश्पक्ष तथा समानतापूर्ण समाज हासिल गर्नका लागि सामाजिक आधार हो।

बसोबास पत्र भएका विदेशी व्यक्ति (मध्यकालीन बसोवासी, विशेष स्थायी बसोवासी आदि) लाई पनि माईनम्बर सूचित गरिनेछ।

## २. **माईनम्बर प्रयोग गरेको अवस्थाको उदाहरण**

- कर तथा सामाजिक बिमा (स्याकाइ होकेन) को प्रक्रिया गर्दा, कर कट्टी (गेनसेन च्योस्यु) भौचरको लेखनमा आवश्यक पर्ने हुनाले, आफ्नो कार्यालयमा माईनम्बर प्रस्तुत गरिन्छ।
- करको प्रक्रिया गर्दा, कानुनी पत्र आदिमा उल्लेख गर्नु पर्ने हुनाले, सेयर तथा स्टक कम्पनी या बिमा कम्पनी आदिमा माईनम्बर प्रस्तुत गरिन्छ।
- कल्याण पेन्सन (कोसेइ नेन्किन) को दाबी गर्दा पेन्सन कार्यालयमा माईनम्बर प्रस्तुत गरिन्छ।
- कल्याण क्षेत्रको लाभ आदि प्राप्त गर्ने बखतमा गाविस वा नगरपालिकामा माईनम्बर प्रस्तुत गरिन्छ।

## ३. **आवश्यक प्रक्रिया**

- गाविस वा नगरपालिकाबाट, बसोबास पत्रमा रहेको ठेगानामा सूचना कार्ड आइपुग्छ।
  बसिरहेको ठेगाना र बसोबास पत्रको ठेगाना फरक पर्न गएमा सूचना कार्ड प्राप्त गर्न नसक्ने सम्भावना हुन्छ। कृपया पहिल्यै ठेगानाको निश्चय गर्नुहोला।
- अक्टोबर महिना भन्दा पछि, माईनम्बर उल्लेख गरिएको सूचना कार्ड भएको खाम, घरपरिवार पिच्छे साधारण रजिस्टर्ड पत्र मार्फत आइपुग्छ। कर तथा सामाजिक सुरक्षाको प्रक्रिया गर्ने सिलसिलामा आफ्नो माईनम्बर प्रमाणको रुपमा देखाउने महत्वपूर्ण कागजात हो। भुलेर नफाल्नुहोला।
- व्यक्तिगत नम्बर कार्डको लागि आवेदन दिन सकिन्छ।
  व्यक्तिगत नम्बर कार्डको आवेदनमा अनुहारको फोटो सङ्लग्न गरेर जवाफ पठाउने तरिका तथा, स्मार्ट फोन द्वारा अनुहारको फोटो खिचि अनलाइन आवेदन गर्ने तरिका आदि पनि छन्। विस्तृत रूपमा अक्टोबर महिना पछि आइपुग्ने खाम भित्र रहेको व्याख्यात्मक पत्रमा हेर्नुहोला।
- व्यक्तिगत नम्बर कार्ड प्राप्त गर्न सकिन्छ।
  २०१६ साल जनवरी महिना पछि, व्यक्तिगत नम्बर कार्ड वितरणको तयारी पुरा भएको कुरा थाहा दिने सूचना आइपुग्छ। गाविस वा नगरपालिकाको काउण्टरबाट प्राप्त गर्ने बखतमा तलका ३ चिजहरू साथमा ल्याउनुहोला। प्रारम्भको वितरण नि:शुल्क हुनेछ।
  - ✔ सूचना कार्ड
  - ✔ वितरण सूचना पत्र (आवेदन पछि आइपुग्छ)
  - ✔ मूल व्यक्ति हो भनि प्रमाणित गर्ने कागजात (ड्राइभिङ लाइसेन्स वा पासपोर्ट, बसोबास कार्ड आदि)

## ४. **व्यक्तिगत नम्बर कार्ड भन्नाले**

- ◆ माईनम्बरसँग सम्बन्धित हुने प्रक्रियामा, नम्बर र परिचय एक प्रतिबाट नै थाहा पाउन सकिने कार्ड हो। साथै, सार्वजानिक परिचय पत्रको रूपमा व्यापक उपयोग गर्न सकिन्छ।
- ◆ करको विद्युतीय आवेदन आदि गर्न सकिने विद्युतीय प्रमाणपत्र पनि नि:शुल्क राख्न सकिन्छ।
- ◆ पुस्तकालयको प्रयोग तथा इनकान (नामको छाप) दर्ता प्रमाण आदि क्षेत्रीय सार्वजानिक सङ्गठनले अध्यादेश अनुसार निर्धारण गरेको सेवामा पनि प्रयोग गर्न सकिन्छ। गाविस वा नगरपालिका अनुसार, कन्भिनियन्स स्टोरबाट प्रमाणपत्रको वितरण पनि सम्भव हुन्छ।
- ◆ पहिला देखि साथमा रहेको ठेगाना आधारित कार्डलाई म्याद अवधि सम्म प्रयोग गर्न सकिन्छ। तथापि, व्यक्तिगत नम्बर कार्ड प्राप्त गरिसकेपछि भने दुवै बोक्न सकिँदैन।
- ◆ व्यक्तिगत नम्बर कार्डको आइ सि चिपमा रेकर्ड राख्ने भनेको, अगाडि उल्लेख गरिएको नाम, ठेगाना, जन्ममिति, लिङ्ग तथा व्यक्तिगत नम्बर आदि लगायत,
  विद्युतीय प्रमाणपत्र आदिमा मात्र, आम्दानी जस्ता उच्च गोपनियता कायम राख्नुपर्ने व्यक्तिगत जानकारीहरू भने रेकर्ड गरिने छैन।

## ५. माईनम्बरको प्रयोग गर्दा ध्यान दिनुपर्ने बुँदा

- ◆ कानुनमा प्रावधान गरिएको कुरा बाहेक, माईनम्बरको प्रयोग तथा सङ्ग्रहलाई मनाही गरिएको छ। जथाभावी रूपमा माईनम्बर नदेखाउनुहोला।
- ◆ अन्य व्यक्तिको माईनम्बर कार्ड अनैतिक रूपमा प्राप्त गर्ने वा, अन्य व्यक्तिको माईनम्बर चलाउने व्यक्तिले माईनम्बर तथा व्यक्तिको गोपनियता स्टोर गरिएको व्यक्तिगत जानकारी फाइललाई गलत तरिकाले पेश गर्ने कार्य, सजायको भागी हुनेछ।

## ६. हरेक किसिमका काउण्टरहरूको जानकारी

- ◆ कल सेन्टरको जानकारी

  **०५७०-२०-०१७८(जापानी भाषा)**

  **०५७०-२०-०२९१(अङ्ग्रेजी भाषा, चिनियाँ भाषा, कोरियाली भाषा, स्पेनी भाषा तथा पोर्चुगाली भाषा)**

[२०१५ साल सेप्टेम्बर ३० तारिख सम्म]

कार्यदिन ९:३० देखि १७:३० (शनिबार आइतबार तथा सार्वजनिक बिदाका दिन र वर्षान्त तथा नयाँ वर्षको सुरुवातका दिनहरू बाहेक)

[२०१५ साल अक्टोबर १ तारिख देखि २०१६ साल मार्च ३१ तारिख सम्म]

कार्यदिन ९:३० ~२०:०० शनिबार आइतबार तथा सार्वजनिक बिदाका दिन ९:३०~१७:३०

* नाभि डायल गर्दा शुल्क लाग्नेछ।



**माईनम्बर जीवन भरको लागि प्रयोग गर्ने हो नि।**
**महत्त्वपूर्णका साथ राख्नु है !**

内閣府
Cabinet Office, Government of Japan